श्री

विशेष अदालत काठमाण्डौ

इजलास नं. १

अध्यक्ष माननीय श्री बासुदेव आचार्य

सदस्य माननीय श्री उमेश कोइराला

सदस्य माननीय श्री विदुर कोइराला

संक्षिप्त फैसला

मुद्दा नं.: ०८०-CR-०१७४

नेपाल सरकार---------------------------------------------------------------------वादी

विरुद्ध

विकल पौडेल समेत---------------------------------------------------------------------प्रतिवादी

मुद्दाः भ्रष्टाचार (गैरकानूनी सम्पत्ति आर्जन)।

यसमा प्रस्तुत मुद्दाको आरोपपत्रसहितको मिसिल अध्ययन गरी वादी नेपाल सरकारका तर्फबाट उपस्थित हुनुभएका विद्वान् सहन्यायाधिवक्ता श्री शम्भु कार्की र विद्वान् उपन्यायाधिवक्ता श्री घनश्याम घिमिरे तथा प्रतिवादीहरू विकल पौडेल समेतका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताहरू श्री जयनारायण पौडेल र श्री सुदिप पौडेलले गर्नुभएको बहस समेत सुनियो।

प्रस्तुत मुद्दाका प्रतिवादी विकल पौडेलको जाँच अवधि मिति २०६१/१२/१५ देखि २०७९/१२/३० सम्मको अवधिलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट खण्डीकरण गरी विभिन्न अवधि कायम गरी सो खण्डीकृत हरेक अवधिको आय व्यय हिसाब गरेको कार्य सम्मानित सर्वोच्च अदालतबाट यस्तै प्रकृतिका मुद्दाहरुमा प्रतिपादित सिद्धान्त अनुकूल नदेखिएको र समग्र जाँच अवधिलाई खण्डिकरण गर्नुपर्ने कानूनी आधार तथा औचित्य समेत नदेखिएको हुँदा प्रतिवादीको समग्र जाँच अवधिलाई खण्डिकरण गरी आय व्यय गणना गरेकोलाई मान्यता दिन मिलेन। प्रतिवादीको जाँच अवधिको समग्र आय व्ययलाई एकमुष्ट रुपमा हिसाब गर्नु मनासिब हुने देखियो।

यसैगरी प्रतिवादी विकल पौडेल मिति २०७५/०८/१३ मा अंश भर्पाई पारित गरी अंश बापत रु.२५,००,०००/- नगदै बुझी लिई अन्य अंशियार बाबु आमाबाट अलग भिन्न भएको र सो अंश भर्पाईबाट प्राप्त गरेको नगदलाई आयोगले निज प्रतिवादीको आयमा गणना गरेको देखिएको, साथै सो बाहेकको अन्य पैत्रिक सम्पत्ति तथा सोबाट बढे बढाएको सम्पत्तिको हकमा समेत आयोगले कुनै विश्लेषण समेत नगरेको र मूल्यांकन वा गणना पनि नगरेको हुँदा प्रतिवादी विकल पौडेलको नाममा रहे

भएको सम्पत्ति तथा निजले गरेको खर्चको हकमा सम्म विश्लेषण गरी निज प्रतिवादीको जाँच अवधिको आय र व्यय गणना गर्नुपर्ने देखियो।

अब प्रतिवादी विकल पौडेलको जाँच अवधिको समग्र आय तथा व्ययतर्फको विश्लेषण गर्नुपर्ने भई सर्वप्रथम निजको आयका शिर्षकहरुतर्फ हेर्दा आयोगले प्रतिवादीको जाँच अवधिको तलब भत्ता शीर्षकमा कायम गरेको रु.३०,९२,००५/६९ लाई प्रतिवादीले स्वीकारै गरी सो शीर्षकमा मुख मिलेकै देखिँदा तलब शीर्षकमा सोही रु.३०,९२,००५/६९ नै आय कायम हुने देखियो। उक्त शीर्षकमा वैदेशिक भ्रमण भत्ता बापतको आय थप हुनुपर्ने भनी प्रतिवादीले जिकिर लिएपनि सम्बन्धित कार्यालयहरुबाट प्राप्त तलब भत्ता बापतको रकममा सबै भत्ता समावेश भएको भन्ने उल्लेख भएको र सो बाहेकको वैदेशिक भ्रमण भत्ता प्राप्त गरेको पुष्टि हुने प्रमाण पेश हुन नसकेको अवस्थामा तलब भत्ता आएको रकम परिवर्तन हुने देखिएन। त्यसैगरी प्रतिवादीले जाँच अवधिमा विभिन्न कम्पनीहरुको शेयर बिक्री आयतर्फ आयोगले रु.१३,५३,९२७/४१ कायम गरेकोमा सो बाहेकको शेयर बिक्री आय आर्जन गरेको भन्ने मिसिल संलग्न CDS clearing लिमिटेडको विवरण समेतबाट खुल्न आएको, बिक्री गरिएको शेयर खरिद गर्दाको आंशिक स्रोत नखुलेको भन्ने आधारमा स्रोत खुलेको हक सम्मको शेयर बिक्रीको आय गणना गरेकोमा समग्र जाँच अवधिको आय व्यय हिसाब नगरी खण्डिकरण गरी सोही आधारमा विभिन्न कम्पनीहरुको शेयर खरिदको आंशिक स्रोत नपुगेको भन्ने आधारमा शेयर बिक्रीतर्फ आंशिक आय कायम गरेको त्रुटीपूर्ण देखियो। तसर्थ शेयर बिक्री विवरणबाट पुष्टि भएको रु.२७,७२,२९७/-लाई प्रतिवादीको शेयर बिक्री आय कायम गर्नुपर्ने देखिँदा सो शीर्षकमा सोही बराबरको आय कायम हुने देखियो।

यस्तै बैंक खातामा प्राप्त भएको रकमको आयको हकमा आयोगबाट रु.७३,७७,६५०/- कायम गरेकोमा प्रतिवादीले बाबुआमा समेतका पारिवारिक सदस्यको बैंक खाताको रकमलाई समेत आयमा थप गणना गर्नुपर्ने जिकीर लिएको देखिन्छ। निज प्रतिवादी निजको बाबु आमाबाट अंश भरपाई गरी नगद लिई छुट्टिभिन्न भएको अवस्थामा अन्य पारिवारिक सदस्यको नाममा रहेको बैंक खातामा जम्मा भएको रकमलाई थप गणना गर्न नमिल्ने हुँदा आयोगले कायम गरेको रु.७३,७७,६५०/- नै प्रतिवादीको बैंक खातामा प्राप्त आयमा गणना गर्नुपर्ने देखियो।

त्यसैगरी प्रतिवादीले अंश भरपाईबाट प्राप्त गरेको रु.२५,००,०००/- लाई सोही शीर्षकको आयमा आयोगले गणना गरेकोमा उक्त शीर्षकको रकम आयमा गणना नहुनुपर्ने भनी जिकीर लिए पनि अंशबण्डा गरी अलग हुँदा प्राप्त गरेको उक्त रकमलाई सो शीर्षकमा आयमा गणना गरेकोलाई अन्यथा मान्न मिलेन।

यस्तै विप्रेषण आय शीर्षकमा आयोगले रु.५०,८२,२४०/- आय कायम गरेकोमा सो शीर्षकमा रु.१०,१२,२४,४५७/०३ कायम हुनुपर्ने भनी प्रतिवादीले जिकीर लिएको देखियो। उक्त शीर्षकमा प्रतिवादीको पत्नी एलिना बस्नेतको नाममा NIMB बैंकको खातामा निज एलिना बस्नेतकै तर्फबाट

पठाइएको रकम समावेश गरेको नदेखिँदा सो रकमसम्म उक्त शीर्षकमा समावेश हुने तर प्रतिवादीका अन्य पारिवारिक सदस्य सगोलमा नरहेको अवस्थामा सो बाहेक अन्य पारिवारिक सदस्यका नामको खातामा विप्रेषणबापत प्राप्त रकमलाई प्रतिवादीको आय कायम गर्न नमिल्ने हुनाले आयोगले उक्त शीर्षकमा कायम गरेको आयमा एलिना बस्नेतको खातामा निजैले पठाएको रकम समेत समावेश हुने भई विप्रेषण आयतर्फ खुद रु.२,४५,२४,०००/- कायम हुने देखियो।

ऋण सापटी आय शीर्षकतर्फ रु.४,५९,५००/- रकम आयोगले कायम गरेकोमा परिवारका अन्य सदस्यले लिएको ऋण आय प्रतिवादीको आयमा गणना गर्न नमिल्ने भई उक्त शीर्षकमा रु.४,५९,५००/- नै कायम हुने देखियो।

बैंक ब्याजको आयतर्फ आयोगले कायम गरेको रु.२,७८,५६५/५८ को हकमा प्रतिवादीको अन्यथा जिकीर नदेखिँदा सो शीर्षकमा सोही रकम आय कायम हुने देखियो।

अब प्रतिवादीले थप आयका शीर्षकतर्फ लिएको जिकीरको हकमा हेर्दा घरजग्गा बहालतर्फ रु.२,९०,२१,४६०/- आय गणना हुनुपर्ने भनेकोमा निजले अंश भर्पाई गरी अलग भिन्न हुँदा कुनै पनि पैत्रिक घरजग्गा प्राप्त गरेको नखिएको र घरजग्गा बहाल बापत परिवारका अलग भिन्न भएका व्यक्तिको नाममा रहेको घरजग्गाको आयस्ता यी प्रतिवादीको आयमा समावेश गर्न नमिल्ने हुनाले यस शीर्षकमा आय गणना हुन सक्ने देखिएन।

यसैगरी सवारी साधन बिक्रीतर्फ प्रतिवादीले थप आयको जिकीर लिएको रु.३८,५०,०००।- को हकमा समेत अलग भिन्न भएका परिवारका सदस्यको नाममा रहेको सवारी साधन बिक्रीको रकमलाई प्रतिवादीको आयमा थप गर्न मिलेन।

विदेशी मुद्रा सटहीतर्फ प्रतिवादीले जिकीर लिएको रु.२२,३८,७८७/३२ समेत प्रतिवादीबाट अलग भिन्न भइसकेका व्यक्तिहरूले सटही गरी निजहरूले नै प्राप्त गरेको भन्ने देखिँदा त्यस्तो रकमलाई यी प्रतिवादीको आयमा समावेश गर्न मिलेन।

वैदेशिक भ्रमण भत्ता बापतको रु.१९,३६,६९६/५३ को थप आय गणना हुनुपर्ने भन्ने प्रतिवादीको जिकीर रहेकोमा जाँच अवधिमा प्रतिवादीले प्राप्त गरेको वैदेशिक भ्रमण भत्ताको रकम समेत निजको तलब भत्ता शीर्षकमा समावेश भएको र सो रकमलाई निजको तलब भत्ता शीर्षकमा आय गणना गरिएको भन्ने देखिँदा तलब भत्ता शीर्षकमा गणना भएबाहेकको थप वैदेशिक भ्रमण भत्ता प्राप्त गरेको पुष्टि हुने प्रमाणको अभाव हुँदा प्रतिवादीको उक्त शीर्षक तर्फको जिकीर पुष्टि हुन सक्ने देखिएन।

यसैगरी प्रतिवादी विकल पौडेलले परामर्श सेवा प्रदान गरी नेपाल भित्रको विभिन्न सरकारी निकायहरूबाट प्राप्त गरेको रु.६,७५,०००।- आयमा गणना हुनुपर्ने भनी जिकीर लिएकोमा निजको नियुक्ति पत्रमा नै कार्यालय समयदेखि बाहेकको समयमा परामर्श समेतको कार्य गर्ने अनुमति प्रदान भएको, सोको खास अवधि किटान गरेको समेत नदेखिएको र आफू कार्यरत रहे बाहेकका विभिन्न

सरकारी कार्यालयमा परामर्श सेवा प्रदान गरी निजले तत् तत् कार्यालयहरूबाट रकम प्राप्त गरेको देखिँदा स्वदेशभित्र परामर्श प्रदान गरी विभिन्न सरकारी निकायबाट निज प्रतिवादीले प्राप्त गरेको रु.६,७५,०००।– निजको आयमा समावेश हुने नै देखियो।

जहाँसम्म प्रतिवादीले जाँच अवधिमा वैदेशिक परामर्श सेवा प्रदान गरी रु.२,७७,७५,३८४/६१ आय आर्जन गरेकोलाई आयमा समावेश गरिनुपर्ने भनी जिकीर लिएकोतर्फ हेर्दा निज प्रतिवादीले नेपालभित्र सार्वजनिक पदमा रहेको अवस्यामा विदेशमा रहेका विभिन्न कम्पनि वा निकाय वा व्यक्तिहरूलाई सम्वन्धित विषयमा परामर्श दिन पाउने गरी सम्बन्धित निकायबाट अनुमति प्राप्त गरेको नदेखिएको अवस्यामा निजले जाँच अवधिमा विदेशमा परामर्श सेवा उपलब्ध गराएको कार्यले कानूनी मान्यता प्राप्त गर्ने अवस्था समेत देखिँदैन। यस अवस्यामा निजले वैदेशिक परामर्श बापत प्राप्त गरेको भनिएको रकमलाई निजको वैध आय मान्न नमिल्ने हुनाले सो शीर्षकमा निजको जिकीर बमोजिमको रकमलाई आयमा गणना गर्न मिलेन।

जग्गा बिक्रीतर्फ प्रतिवादीले जिकीर लिएको रु.२३,३९,०००।– को हकमा हेर्दा प्रतिवादीको नाममा नरही छुटिभिन्न भएका अन्य पारिवारिक सदस्यको नाममा रहेका जग्गा बिक्री गरी प्राप्त भएको रकमलाई यी प्रतिवादीको आयतर्फ गणना गर्न मिलेन।

अब कम्पनिबाट प्राप्त भएको लाभांश रु.९२,२३,१६२/२१ समेत आयमा समावेश हुनुपर्ने भन्ने प्रतिवादीको जिकीरतर्फ विचार गर्दा प्रतिवादीले जिकीर लिएको सो रकम प्रतिवादीकै नाममा रहेको कम्पनिको लाभांश नभई अलग भिन्न भइसकेका अन्य पारिवारिक सदस्यको नाममा रहेका कम्पनिहरूको लाभांश रकम देखिएकोले त्यस्तो रकमलाई प्रतिवादीको आय मान्न मिलेन।

यसप्रकार माथि विश्लेषण भए अनुरुप प्रतिवादी विकल पौडेलको जाँच अवधिको खूद वैध आय रु.४,१६,७९,०१८/२७ (चार करोड सोह लाख उनासी हजार अठार रुपैयाँ सत्ताइस पैसा) कायम हुने देखियो।

अब, प्रतिवादी विकल पौडेलको समग्र जाँच अवधिको वास्तविक व्यय रकम के कति हो भन्ने तर्फ विचार गर्दा सर्वप्रथम आयोगले प्रतिवादी विकल पौडेलको नाममा सिंगापुरस्थित UNITED OVERSEAS BANK (UOB) मा रहेका विभिन्न खाताहरु तथा निज प्रतिवादी र निजको पत्नी एलिना बस्नेतको नाममा अमेरिकास्थित Bank of America को खातामा विभिन्न कम्पनी तथा व्यक्तिहरुको तर्फबाट जम्मा भएको भनिएको रु.२८,९५,७५,६८९।७३ लाई विदेशी बैंक मौज्दाततर्फको व्यय गणना गरेकोमा अमेरिकास्थित Bank of America मा निजहरु दुवै जनाको नाममा रहेको ४८३०८३३७१५१९ को संयुक्त खातामा रहेको भनिएको USD- ३१३३०० को हुन आउने रु.३,७२,२९,९४७।– बराबरको रकमको हकमा हेर्दा निज एलिना बस्नेत अमेरिकामा चिकित्सक पेशामा कार्यरत रहेको भन्ने देखिएको, निजले विभिन्न निकायमा काम गरी तलब/पारिश्रमिक प्राप्त गरेको भन्ने मिसिल संलग्न कागज प्रमाण समेतबाट खुल्न आएको अवस्था हुँदा निज एलिना बस्नेत

समेतका नाममा रहेको Bank of America को सो खातामा रहेको भनिएको रकमलाई यी प्रतिवादी विकल पौडेलकै व्ययमा गणना गर्नु न्यायसंगत देखिएन। तसर्थ, उक्त बैंक खाताको रकमलाई यी प्रतिवादीको व्ययमा गणना गर्न मिलेन। सो बाहेक प्रतिवादी विकल पौडेलको नाममा United overseas Bank सिंगापुरमा रहेको बैंक खातामा जम्मा भएको खूद रकम निजले विदेशमा परामर्श सेवाबाट प्राप्त गरेको भन्ने पुष्टि नभएको, सो बैंकमा खातामा रहेको तथ्यलाई प्रतिवादीले यस अदालतमा बयान गर्दा समेत स्वीकार गरेको, उल्लिखित बैंकको खाता खोलिएको र त्यसमा विभिन्न कम्पनिहरुले रकम जम्मा गरिदिएको भन्ने अनुसन्धानको क्रममा संलग्न भएको कागजातका साथै कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको अधिकारीक इमेल समेतमा प्राप्त भएको विवरण कागजातहरु समेतबाट समर्थन र पुष्टि भइरहेको देखिँदा सिंगापुरस्थित UNITED OVERSEAS BANK (UOB) मा रहेको प्रतिवादी विकल पौडेलको नाममा खोलिएको खाताहरुमा जम्मा भएको खूद रकम रु.२५,२३,४५,७४२/७३ लाई यी प्रतिवादीको विदेशी बैंक मौज्दात व्ययमा गणना गर्नूपर्ने देखियो।

अब प्रतिवादी विकल पौडेलको नाममा अमेरिकास्थित Robinhood Securities मा गरिएको भनिएको लगानी बापतको रु.८,४७,६०,४४६/८८ लाई आयोगले व्ययमा गणना गरेतर्फ हेर्दा पारस्परिक कानूनी सहायता सम्बन्धी ऐन, बमोजिम प्राप्त भएका प्रमाण कागजातहरु समेतबाट सो बराबरको रकम उक्त कम्पनीमा लगानी भए गरेको भन्ने तथ्य समर्थित भएको हुनाले उक्त रकमलाई प्रतिवादीको व्ययमा गणना गरेकोलाई अन्यथा मान्न मिलेन।

त्यसैगरी निज प्रतिवादीले नै अमेरिकास्थित Robinhood market को धितोपत्र खरिदमा लगानी गरेको भनिएको रु.४,६२,३६,८२९/२२ समेत सो कम्पनीमा लगानी भएको भन्ने पारस्पारिक कानूनी सहायता सम्बन्धी ऐन बमोजिम प्राप्त प्रमाण कागजातहरुबाट समर्थित भइरहेको देखिँदा सो रकमलाई व्ययमा गणना गरेकोलाई समेत अन्यथा भन्न मिलेन।

अब जहाँसम्म प्रतिवादी विकल पौडेलले लगानीका लागि विभिन्न व्यक्तिहरुलाई ट्रान्सफर गरेको भनिएको रु.३,७७,९१,१००।- लाई प्रतिवादीको व्ययमा गणना गरेको तर्फ हेर्दा विदेशी बैंकमा यी प्रतिवादीको नाममा रहेको बैंक खातामा रहेको रकमलाई प्रतिवादीको व्ययमा गणना गरिसकिएको हुँदा सोही बैंक खाताहरुबाट ट्रान्सफर भएको भनिएको रकमलाई दोहोरो हुने गरी व्ययमा समावेश गर्न मिलेन।

प्रतिवादीको नाममा स्वदेश तथा विदेशमा रहेको बैंक खाताहरुबाट विद्युतीय माध्यम मार्फत् खर्च गरेको भनी आयोगले व्यय कायम गरेको रु.३,७२,९९,०५६/३४ को हकमा हेर्दा नेपाल इन्भेष्टमेण्ट बैंक लि.स्थित खाताबाट खर्च गरेको रकम, सोही बैंकमा प्रतिवादीको नाममा रहेको डलर खाताबाट खर्च गरेको रकम, नबिल बैंक स्थित डलर खाताबाट खर्च गरेको रकम र विभिन्न अन्य बैंक समेतबाट एटिएमबाट झिकेको देखिएको रकम समेत कूल रु.९६,७९,१८२/८४ रकम बैंकिङ् प्रणालीबाट भुक्तानी भएको देखिँदा सो शीर्षकमा सोही बराबरको रकमसम्म व्ययमा गणना हुने देखियो।

विदेशमा वीमा शुल्क भुक्तानी वापतको रु.२,४४,६३,८२२/२७ को हकमा मुख मिलेको देखिँदा उक्त शीर्षकको व्यय सोही रकम कायम हुने देखियो।

अब, प्रतिवादी विकल पौडेलले UNITED OVERSEAS BANK (UOB) को Structured Note मा लगानी गरेको भनी आयोगबाट कायम गरेको व्यय रु.२,३४,१६,०००।- को हकमा हेर्दा UNITED OVERSEAS BANK (UOB) मा रहेको प्रतिवादीको खाताको मौज्दात रकम व्ययमा गणना गरिएको हुँदा सोही मौज्दातबाट भएको लगानीलाई दोहोरो व्यय कायम गर्न मनासिब देखिएन।

यसैगरी जाँच अवधिमा प्रतिवादीले हवाई यात्रा तथा विदेश भ्रमण गर्दा समेत बापत खर्च गरेको भनी आयोगले व्यय कायम गरेको रु.२,१९,६८,१५२/७९ को हकमा हेर्दा सो बराबरको रकम प्रतिबादीले जाँच अवधि भित्र खर्च गरेको तथ्य मिसिल संलग्न रहेको बिभिन्न ट्रायल एजेन्सीबाट प्राप्त पत्र तथा हवाई टिकटको बिबरण सहितको टिकट दर समेतबाट समर्थित भएको देखिँदा उक्त शीर्षकमा आयोगले कायम गरेको व्यय परिवर्तन हुन सक्ने देखिएन।

प्रतिवादीको बाबु धर्मप्रसाद पौडेलको नाममा भएको भनिएको लगानी रु.१,७५,३६,१६४/०५ तथा आमा शीतल पौडेलको नाममा भएको भनिएको लगानी रु.१,१७,२५,०००।- समेतको हकमा हेर्दा बैंङ्किङ प्रणालीबाट प्रतिवादीले सो बराबरको रकम लगानी गरेको भन्ने नदेखिएको, प्रतिवादीका बाबुआमाको नाममा रहेको चल अचल सम्पत्तिको बारेमा आयोगले कुनै विश्लेषण गरेको नदेखिएको र प्रतिवादीको ल्यापटप तथा मोबाइलबाट निकालिएको प्रमाणहरुको विश्वसनीयता पुष्टि हुने ठोस प्रमाण पेश हुन नआएको अवस्था हुँदा त्यस्तो छुट्टि भिन्न भएका बाबुआमाको नाममा भएको भनिएको लगानीलाई यी प्रतिवादीकै व्यय मान्न मिलेन।

प्रतिवादीको पत्नी एलिना बस्नेतको नाममा अमेरिकामा गरेको लगानी रु.१,५२,७०,७४०।- प्रतिवादीको अध्ययन खर्चको लगानी रु.३,७३,३९०।- निजको विवाह खर्च रु.३,००,०००।- स्वदेशमा भएको विमा शुल्क भुक्तानी रु.१,६३,७३५।- र स्वदेशको बैंकहरुमा रहेको प्रतिवादीको नामको खाताहरुको नगद मौज्दात रु.४,१६,६१८।- समेतका हकमा प्रतिवादीको मुख मिलेको देखिँदा उल्लिखित शीर्षकहरुको व्यय यथावत नै कायम हुने देखियो।

अब प्रतिवादीले खरिद गरेको भनिएको हिरा, जवाहरत र सुनतर्फको बिगो रु.१,२३,९३,८७५/- को हकमा हेर्दा सोको बिल भर्पाई पेश हुन नआएको, बैंकिङ प्रणालीबाट सोवापत भुक्तानी भएको भन्ने प्रमाण समेत पेश हुन नआएको र सो हिरा, जवाहरत र सुन समेत बरामद भई दशीको रुपमा पेश गर्न नसकेको अवस्थामा उक्त बहुमूल्य पदार्थहरुको अस्तित्व पुष्टि हुन आएन। तसर्थ, उक्त शीर्षकमा आयोगले कायम गरेको व्ययलाई मान्यता दिन मिलेन।

परिवर्तित नाम २०८०/८१ टंगाल (१) को लागि प्रतिवादीले खर्च गरेको भनी आयोगले कायम गरेको व्यय रु.१,०३,१५,०००/- को हकमा बिल भर्पाईबाट पुष्टि हुन नआएको, सम्बन्धित

व्यक्तिले बस अदालतमा बकपत्र गर्दा समेत खर्च रकमको बारेमा एकिनसाथ खुलाउन सकेको नदेखिँदा उक्त शीर्षकमा आयोगले कायम गरेको व्यय रकमलाई मान्यता दिन मिलेन।

स्वदेशमा शेयर खरिदतर्फ आयोगले कायम गरेको रु.५१,१२,६९४/- को हकमा हेर्दा शेयर खरिद गरेको तथ्यलाई स्वीकार गरेको तर सो शीर्षकमा प्रतिवादीका अन्य पारिवारिक सदस्यले खरिद गरेको शेयर बापतको रकम समेत समावेश हुनुपर्ने भनी प्रतिवादीको जिकीर रहे पनि छुट्टिभिन्न भईसकेका परिवारका सदस्यहरुले खरिद गरेको शेयरबापतको खर्चलाई प्रतिवादीको व्ययमा समावेश गर्न नमिल्ने हुँदा यस शीर्षकमा आयोगले कायम गरेको व्यय रकम यथावत कायम हुने देखियो।

प्रतिवादीको पत्नी एलिना बस्नेतको नाममा UNITED OVERSEAS BANK (UOB) को खातामा प्रतिवादीले ट्रान्स्फर गरेको भनी दावी गरिएको व्यय रु.२८,७३,३११/५० को हकमा हेर्दा उक्त बैंकबाट सो सम्बन्धमा आधिकारिक प्रमाण झिकाउन सकेको नदेखिएको, उक्त बैंकमा रहेको प्रतिवादीको खातामा रहेको रकमलाई प्रतिवादीको व्ययमा समावेश गरिसकिएको समेत हुँदा यस शीर्षकमा आयोगले कायम गरेको व्ययलाई प्रतिवादीको व्यय मान्न मिलेन।

अब प्रतिवादीले ऋण सापटी तिरेको भन्ने शीर्षकमा व्यय कायम गरिएको रु.७०,९४७/३९ को हकमा विचार गर्दा, ऋण सापटी तिरेको तथ्यलाई प्रतिवादीले समेत स्वीकार गरेको, प्रतिवादीले तिरेको ऋण शीर्षकको रकमको आधारमा आयोगले व्यय कायम गरेको समेत देखिँदा प्रतिवादीका छुट्टिभिन्न भएका पारिवारिक सदस्यहरुले ऋण सापटी तिरेको रकमलाई यस शीर्षकमा समावेश गर्न मिलेन। तसर्थ, प्रतिवादीले ऋण सापटी तिरेको भनी आयोगले कायम गरेको रु.७०,९४७/३९ नै यस शीर्षकको व्ययमा गणना हुने देखियो।

माथिका प्रकरणहरुमा विवेचना भए अनुरुप प्रतिवादी विकल पौडेलको जाँच अवधिको खूद आय रकम रु.४,१६,७९,०१८/२७ (चार करोड, सोह्र लाख उनासी हजार अठार रुपैयाँ सत्ताइस पैसा) र सोही अवधिको खूद व्यय रु.४६,११,५२,३०१/१२ (छयालीस करोड एघार लाख बाउन्न हजार तीनसय एक रुपैयाँ बाह्र पैसा) कायम हुने देखियो। यसरी निज प्रतिवादीले जाँच अवधिमा आर्जन गरेको खूद व्यय भन्दा रु.४१,९४,७३,२८२/८५ (एकचालीस करोड चौरानब्बे लाख त्रिहत्तर हजार दुइसय बयासी रुपैया पचासी पैसा) बराबर बढी व्यय गरेको देखिँदा सोही बराबरको सम्पत्ति निजले गैरकानूनी रुपमा आर्जन गरेको पुष्टि हुन आयो।

तसर्थ निज प्रतिवादीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूर गरेको ठहर्छ। अतः निज प्रतिवादी विकल पौडेललाई सोही ऐनको दफा २० को उपदफा (२) बमोजिम २ (दुई) वर्ष कैद र गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्तिको बिगो बराबर

रु.४१,९४,७३,२८२/८५ (एकचालीस करोड चौरानब्बे लाख त्रिहत्तर हजार दुईसय बयासी रुपैयाँ पचासी पैसा) जरिवाना हुने, साथै सोही बिगो बराबरको सम्पत्ति समेत जफत हुने ठहर्छ।

साथै, प्रतिवादी बिकल पौडेलले सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक पदमा बहाल रहेको अवस्थामा कसूर गरेको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप ६ (छ) महिना कैद समेत हुने ठहर्छ। अन्य आरोपदाबी पुग्न सक्दैन।

प्रस्तुत फैसलाको पूर्णपाठ तयार गर्न समय लाग्ने भएकोले यो संक्षिप्त फैसला मिसिल संलग्न गरी नियमानुसार गर्नू।

सदस्य २०८३।०६।१६ सदस्य अध्यक्ष

इति सम्वत् २०८३ साल असोज महिना १६ गते रोज ६ शुभम्............................................।